रिइन्टिग्रेट नीति पत्र



# नेपालमा पुनःएकीकरण शासन व्यवस्था

## नेपालमा पुनः एकीकरण शासन व्यवस्था

पुनः एकीकरणलाई नीतिगत प्राथमिकताका रूपमा स्थापित गर्ने प्रक्रियामा नेपालले उल्लेखनीय प्रगति हासिल गरेको छ । विशेष गरी राष्ट्रिय पुनः एकीकरण नीतिको कार्यान्वयन साथै मधेश र कोशी प्रदेशमा प्रादेशिक तथा स्थानीय तहमा भएका नीतिहरूको व्यवस्थाले यस विषयलाई थप सुदृढ गरेको छ। यद्यपि, यी नीतिहरू अझै प्रारम्भिक चरणमा रहेकाले तिनको प्रभावकारी समन्वय, विकास तथा कार्यान्वयनका लागि समय लाग्नेछ । यसका लागि तीनै तहका सरकारबीचमा प्रभावकारी रूपमा समन्वय हुनुपर्दछ । विशेषतः रोजगार सेवा केन्द्रबाट प्रदान गरिने पुनः एकीकरण सेवाहरू प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक छ।

## पुनः एकीकरण शासन व्यवस्थाको प्रभावकारिता

अध्ययनको नतिजा अनुसार वैदेशिक रोजगारबाट फर्किएका पुनः एकीकरण माफर्त सहायता पाएका र कुनै पनि सहायता नपाएकाहरु बीचमा  खासै धेरै अन्तर देखिँदैन। परीक्षण परियोजनाहरू (पाइलट प्रोजेक्ट) ले फर्किएका श्रमिकहरूको हौसला बढाउन, वित्तीय साक्षरता तथा आपसी सम्बन्धमा सुधार गर्न सफल भएका छन् । वैदेशिक रोजगारबाट फर्किएकाहरू पुनःएकीकरण सम्बन्धी सहायता लिनका लागि इच्छुक छन् र यस्ता परियोजनाहरुलाई स्वागत पनि गर्दछन, यद्यपि दीर्घकालीन रूपमा प्रभावकारिता सुनिश्चित गर्नका लागि अझै विस्तृत र सफल प्रमाणित नमुनाको आवश्यकता देखिन्छ।

## परिवार केन्द्रित र लैङ्गिक-संवेदनशील

नेपालमा पुनः एकीकरणको शासनलाई प्रभावकारी बनाउनका लागि पर्याप्त लगानीका साथै परिवार केन्द्रित तथा लैङ्गिक-संवेदनशील विस्तृत दृष्टिकोणसहितको पुनः एकीकरणको आवश्यक छ । ReMi परियोजनाले परिवार केन्द्रित र लैङ्गिक उत्तरदायी दृष्टिकोणमा आधारित नयाँ कार्यक्रमहरू तयार गरिरहेको छ, जसले आगामी दिनमा नेपालको पुनः एकीकरण शासन व्यवस्थालाई थप मार्गदर्शन गर्न सक्छ।

रिइन्टीग्रेट नीति पत्र

# नेपालमा पुनः एकीकरण शासन व्यवस्था

**लेखक**
केटि कुस्माईन्डर, वरिष्ठ अनुसन्धाता, एम्स्टर्डम विश्वविद्यालय
जिबन बानियाँ, अनुसन्धान निर्देशक, सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम)

**सभारको लागि**
Kuschminder, K ., & Baniya, J . (2025) . Reintegration Governance in Nepal . Reintegrate Policy Brief (in Nepali) . Amsterdam: University of Amsterdam .

**Layout:**
Eks-Skolens Design & Tryk, Ajaya Subedi

Centre for the Study of Labour and Mobility

REINTEGRATE

University of Amsterdam

European Research Council
Established by the European Commission

## रिइन्टीग्रेट परियोजना र पुनः एकीकरण शासन व्यवस्था

यस अध्ययन परियोजनाको उद्देश्य पुनः एकीकरण कसरी ब्यबस्थित र संचालित हुन्छ र यसले फर्किएका श्रमिकहरूको अनुभवमा कसरी प्रभाव पार्छ भनेर बुझ्नु हो। वैदेशिक रोजगारमा गएका अधिकांश श्रमिकहरूलाई गन्तव्य मुलुकमा नै बसिरहन पाउने अधिकार नहुने भएकाले उनीहरू विभिन्न कार्यक्रम तथा नीतिहरूमार्फत स्वदेश फर्किने गर्छन्। उनीहरू स्वेच्छिक रूपमा वा बाध्यात्मक अवस्थाले फर्किएका हुन सक्छन्। विभिन्न देशहरूले वैदेशिक रोजगारबाट फर्किएपछि पुनः एकीकरण प्रक्रिया कसरी व्यवस्थापन गर्छन् र फर्किएका श्रमिकहरूले आफ्नो फिर्ती तथा पुनः एकीकरणलाई कसरी अनुभव गर्छन् भन्नेबारे धेरै कम मात्रामा जानकारी उपलब्ध छ। यस अध्ययनले नेपाल, नाइजेरिया, सर्बिया र फिलिपिन्सका चार अध्ययनहरू (case studies) को आधारमा फर्किएका व्यक्तिहरूको फिर्ती तथा पुनः एकीकरण अनुभवहरू लगायतका पुनः एकीकरण सम्बन्धी सरोकारवालाहरूको दृष्टिकोण तुलनात्मक रूपमा प्रस्तुत गर्दछ। यस अध्ययनमा पुनः एकीकरणलाई 'वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूलाई आफ्नो सांस्कृतिक र सामाजिक पहिचान जोगाइराख्न उनीहरूको समाजद्वारा सहयोग गर्ने प्रक्रिया हो, जहाँ सबैले समान नागरिक, सामाजिक, राजनीतिक, मानवीय तथा सांस्कृतिक अधिकार प्राप्त गर्छन्' (कुस्माइन्डर, २०१७, पृ. ४३) भनी परिभाषित गरिएको छ। यस परिभाषाले पुनः एकीकरणका विभिन्न क्षेत्रहरूलाई समेट्छ र पुनः एकीकरणलाई सहज बनाउन वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरू र उनीहरूको समाज दुवैको साझा जिम्मेवारीलाई जोड दिन्छ। पुनः एकीकरण नीतिलाई 'वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूलाई समाजमा पुनः एकीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले उनीहरूको सामाजिक, आर्थिक र राजनीतिक आवश्यकताहरू सम्बोधन गर्ने साधन' (कुस्माइन्डर र सागुइन, २०२५) भनी परिभाषित गरिएको छ। पुनः एकीकरण नीतिहरू प्रायः विभिन्न निकायहरूद्वारा लागू गरिने हुँदा ती नीतिहरूका उद्देश्य, ढाँचा र कार्यान्वयन फरक–फरक हुन सक्ने भएकोले आप्रवासीको संरक्षण र आप्रवासन व्यवस्थापनका लक्ष्यबीच सम्झौता (trade–offs) हुन सक्छ।

कुस्माइन्डर (२०२४) का अनुसार, पुनः एकीकरण शासन व्यवस्था भन्नाले ती नीतिहरू, अभ्यासहरू र संस्थाहरूलाई जनाउँछ जो फर्किएका श्रमिकहरूलाई आफ्नै घर, समुदाय र देशभित्रको बृहत् समाजमा पुनः एकीकरण हुन सहयोग गर्ने वा उक्त प्रक्रियालाई व्यवस्थापन गर्ने पद्दति, वितरण, वित्तीय व्यवस्था, कार्यान्वयन र/वा मूल्याङ्कनमा संलग्न हुन्छन्। यसरी, पुनः एकीकरण शासन व्यवस्थाले यसको कार्यान्वयन गर्न संलग्न विभिन्न निकायहरू र तिनका नीतिहरू समेट्छ।

# परिचय


विगत एक दशकमा नेपालमा पुनः एकीकरण शासन व्यवस्था एक महत्वपूर्ण नीतिगत प्राथमिकता बन्न पुगेको छ। सन् २००० को दशकको सुरुदेखि नेपालबाट भारतबाहेक अन्य देशमा श्रम आप्रवासन निरन्तर बढ्दै गइरहेको देखिन्छ। सन् २००० मा करिब ५०,००० जना नेपाली श्रमिक विदेशिएका थिए भने २०१४ सम्म आइपुग्दा श्रम स्वीकृति लिनेको संख्या ५ लाखभन्दा बढी पुगेको थियो । यो बढ्दो प्रवृत्ति त्यसपछिका वर्षहरूमा पनि जारी रह्यो । आर्थिक वर्ष २०८१/८२ (२०२४/२५) मा ८,३९,२६६ जनालाई वैदेशिक रोजगारका लागि श्रम स्वीकृति दिइएको देखिन्छ, जसमा ५,०५,९५७ नयाँ श्रम स्वीकृति जारी तथा ३,३३,३०९ श्रम स्वीकृति नवीकरण भएको थियो (वैदेशिक रोजगार विभाग, २०८२) । श्रम आप्रवासनमा भएको निरन्तर वृद्धिले अनेकौँ नयाँ चुनौतीहरू निम्त्याएको छ। सुरुवाती वर्षहरूमा श्रम आप्रवासन सम्बन्धी बहस तथा नीतिहरू मुख्य रूपमा पूर्व प्रस्थान प्रक्रिया र सुरक्षित आप्रवासनमा केन्द्रित थिए। यद्यपि, वैदेशिक रोजगार ऐन २०६४ (२००७) ले फर्केका श्रमिकहरूका लागि वैदेशिक रोजगार कल्याणकारी कोष मार्फत रोजगारी सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिने व्यवस्था गरेको भए तापनि, त्यस्ता कार्यक्रमहरू प्रायः कार्यान्वयन हुन सकेनन्। सन् २०१२ मा नेपालले पहिलो वैदेशिक रोजगार नीति लागू गऱ्यो, जसमा फर्किएका व्यक्तिहरूको सीप तथा विप्रेषण/रेमिट्यान्सको (आर्थिक र सामाजिक) उपयोग, मनोसामाजिक परामर्श तथा पुनःस्थापना सेवा, सीप पहिचान र उद्यम विकास सहयोग जस्ता केही पुनः एकीकरणसँग सम्बन्धित प्रावधानहरू समावेश थिए।

नेपाल र स्वीट्जरल्याण्ड सरकारले सन् २०११ मा सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत सहकार्य गर्न थालेका थिए, जसले गर्दा यस अध्ययनको समयसम्ममा नेपालका १५६ नगरपालिकाहरूमा आप्रवासी स्रोत केन्द्रहरू (MRCs) स्थापना भइसकेका थिए।

सामी परियोजनाले पूर्व-प्रस्थान जानकारी सत्रहरू, व्यक्तिगत तथा कानुनी परामर्श सेवाहरू, वैदेशिक रोजगारमा गएका श्रमिकको परिवारका सदस्यहरूका लागि वित्तीय साक्षरता कार्यक्रमहरू तथा सीप विकास तालिमका लागि सिफारिस जस्ता सेवाहरूमार्फत आप्रवासन सम्बन्धी सहयोगलाई व्यापक रूपमा सम्बोधन गरेको छ। समग्र रूपमा हेर्दा, सन् २०१० को दशकको अन्त्यतिर नेपालमा वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण एक प्रमुख चुनौतीका रूपमा देखा पऱ्यो। कोभिड महामारीका कारण अत्यन्तै ठूलो संख्यामा श्रमिकहरू नेपाल फर्किन बाध्य भए, जसलाई आवश्यक व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धी सङ्कटको रूपमा लिइयो। यसले पुनः एकीकरण सम्बन्धी भइरहेका प्रयासलाई ठोस नीतिगत रुपमा व्यवस्थापन गर्ने अवसर बन्यो।

नेपालमा पुनः एकीकरण परियोजना मध्यपूर्व र दक्षिण-पूर्वी एसियाका देशहरूबाट फर्किएका नेपाली आप्रवासी कामदारहरूमा केन्द्रित छ । नेपालबाट भारततर्फको श्रम आप्रवासनभन्दा मध्यपूर्व वा दक्षिण पूर्वी एसियाका देशतर्फको श्रम आप्रवासनको अवस्था निकै फरक छ। नेपाल सरकारको भिसा नीति, द्विपक्षीय श्रम सम्झौताहरू र प्रमुख श्रम आप्रवासन नीतिहरू तेस्रो मुलुकको श्रम आप्रवासन (मध्यपूर्व, मलेसिया, दक्षिण कोरिया र जापान) मा केन्द्रित छन्। नेपालमा वैदेशिक रोजगारबाट फर्किने

## अध्ययन स्थानहरु




**काठमाडौंः** राजधानी, राष्ट्रिय सरकार र अन्तराष्ट्रिय संस्थाहरूको मुख्यालय।
**धनकुटाः** नेपालमा पहिलो स्थानीय पुनः एकीकरण शासन नीति।
**त्रियुगाः** सामी कार्यक्रम र नेपाल सरकारको पुनः एकीकरण शासन पाइलट कार्यक्रमको लागि कार्यान्वयन स्थल।
**साँगुरीगढीः** पुनः एकीकरण नीति तथा कार्यक्रम नभएको।

र पुनः एकीकरण हुने क्रम बढिरहेको भए तापनि पुनः एकीकरणका लागि सरकारी, विकास साझेदार तथा बहुपक्षीय संस्थाहरूबीच कसरी समन्वय हुन्छ, यी निकायहरूले कसरी कार्यान्वयन गर्छन् र फर्किएका श्रमिकहरूले यसलाई कसरी उपयोग गर्छन् भन्नेबारेमा अझै पनि सीमित बुझाइ छ ।

यो नीति पत्रले नेपालमा पुनः एकीकरण शासन व्यवस्थाको समग्र अवस्था प्रस्तुत गर्नुका साथै विभिन्न प्रकारका पुनः एकीकरण सम्बन्धी शासनले वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण अनुभवमा कस्तो प्रभाव पार्छ भन्नेबारे व्याख्या गर्दछ ।

## तथ्याङ्कको पृष्ठभूमि

तथ्याङ्क सङ्कलन विभिन्न पाँच अनुसन्धान क्षेत्रहरूमा गरिएको थियो । काठमाडौंलाई सङ्घीय (केन्द्रीय) स्तरका सरोकारवालाहरूको अवस्थिति अध्ययन गर्ने स्थानको रूपमा छनोट गरिएको थियो । त्यसैगरी, धनकुटा नगरपालिका र त्रियुगा नगरपालिकालाई स्थानीय सरकारको रूपमा समावेश गरिएको थियो, जहाँ पुनः एकीकरण कार्यक्रमहरू कार्यान्वयन भएका थिए । साँगुरीगढी गाउँपालिकालाई पुनः एकीकरण कार्यक्रमहरू कार्यान्वयन नभएको स्थानीय सरकारको रूपमा समावेश गरिएको थियो ताकि त्यस्तो पुनः एकीकरण सहायतामा पहुँच सम्बन्धी चुनौतीहरू र अनुभवहरूको तुलना गर्न सकियोस् । प्रदेश स्तरका सरोकारवालाहरूको अवस्थिति अध्ययन गर्न विराटनगर (कोशी प्रदेशको मुख्यालय, जहाँ यी तीनवटै स्थानीय सरकारहरू पर्दछन्) समावेश गरिएको थियो । प्रत्येक अध्ययन क्षेत्रमा, अध्ययन टोलीले श्रम आप्रवासन र पुनः एकीकरणमा काम गर्ने सबै सम्बन्धित प्रमुख सरोकारवालाहरूसँग अन्तर्वार्ता लिने प्रयास गरेको थियो । नेपालमा मार्च २०२३ देखि डिसेम्बर २०२३ सम्मको अवधिमा प्रत्यक्ष रूपमा भेट गरेर सबै अन्तर्वार्ता लिइएको थियो । अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिसँग अङ्ग्रेजी भाषामा सातवटा अन्तर्वार्ता गरिएको थियो भने अन्य सबै अन्तर्वार्ता नेपाली भाषामा गरिएको थियो ।

## पुनः एकीकरण नीतिहरू

यस नीति पत्रले नेपालमा लागू भएका विभिन्न तीन फरक पुनः एकीकरण नीतिहरूको अध्ययन गर्दछ । पहिलो नीति राष्ट्रिय पुनः एकीकरण निर्देशिका, दोस्रो स्वीस अनुदान प्राप्त फर्किएका श्रमिकहरूको पुनः एकीकरणका लागि ReMi परियोजना, र तेस्रो स्थानीय तहको वैदेशिक रोजगार तथा पुनः एकीकरण नीति, धनकुटा हो । यी तीनै नीतिहरूलाई फर्किएका श्रमिकलाई सहयोग गर्ने उद्देश्य राख्ने सुरक्षा-केन्द्रित पुनः एकीकरण नीतिको रूपमा मान्न सकिन्छ ।

## फर्केका आप्रवासी कामदारहरूको पुनःएकीकरण (ReMi) परियोजना

नेपाल र स्वीट्जरल्याण्ड सरकारबीच एक दशकभन्दा बढी समयको सहकार्य (सामी कार्यक्रम) मार्फत श्रम आप्रवासनलाई सुरक्षित बनाउन गरिएको प्रयासबाट प्राप्त अनुभवबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण सम्बन्धी कार्यक्रम आवश्यक छ भन्ने बुझाइको विकास भयो । यसै बुझाइबाट ReMi परियोजनाको सुरुवात भएको हो, जहाँ फर्किएका व्यक्तिहरूले आफ्नो सीप र पुँजीको उपयोग गरेर राष्ट्रिय अर्थतन्त्र र समाजलाई फाइदा पुऱ्याउन सक्छन् । सङ्घीय संरचनामार्फत सञ्चालन हुने ReMi परियोजनामा सङ्घीय स्तरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश स्तरमा प्रदेशका सम्बन्धित मन्त्रालय र प्रमुख कार्यान्वयनकर्ताका रूपमा स्थानीय सरकारहरू रहने व्यवस्था छ । यस परियोजनाले रोजगार सेवा केन्द्र (ESCs) हरूको क्षमता अभिवृद्धि गर्दै, स्थानीय तहमा 'पुनः एकीकरण हब' का रूपमा पुनः परिकल्पना गरिएको छ ।

यस परियोजनाले वैदेशिक रोजगारीबाट फर्केकाहरूका लागि सञ्चालित सरकारी कार्यक्रमहरू, सामीको मनोसामाजिक सेवाहरू, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रहरू र निजी क्षेत्रका सेवाहरूसँग जोड्ने केस व्यवस्थापन र रेफरल प्रणाली (case management and referral system) स्थापना गर्न सहयोग गर्दछ । यस कार्यक्रमका लक्षित लाभान्वितहरू फर्किएका श्रमिक, उनीहरूको परिवार र निजी क्षेत्रका सरोकारवालाहरू हुन । ReMi को सबैभन्दा नयाँ अवधारणा भनेको परिवार केन्द्रित दृष्टिकोण हो, जसले सफल पुनः एकीकरणको लागि वैदेशिक रोजगारबाट फर्किएकाहरू र उनीहरूको परिवारको आर्थिक सहभागिता आवश्यक रहेको कुरा पहिचान गर्दछ । ReMi परियोजनाका एक जना सदस्यका अनुसारः 'यदि तपाईँ दिगो पुनः एकीकरण चाहनुहुन्छ भने, दुवै (श्रीमान/श्रीमती) ले काम गर्नुपर्छ । श्रीमानको आम्दानी मात्र पर्याप्त हुँदैन ।' ReMi परियोजना सामीको वित्तीय साक्षरता मोडेलमा आधारित छ, जहाँ एक जना वैदेशिक रोजगारमा हुँदा उसको श्रीमान् वा श्रीमतीले व्यवसाय सुरु गर्छन् र त्यसबाट आर्थिक आधार तयार पार्छन्, जसले स्वदेश फर्किसकेपछि पुनः वैदेशिक रोजगारमा जानुपर्ने दबाब कम हुन्छ (सामी, २०२४) ।

## राष्ट्रिय पुनः एकीकरण निर्देशिका

सन् २०२२ को २२ जुलाईमा, नेपाल सरकारको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ जारी गऱ्यो । नेपालको सङ्घीय स्तरमा पुनः एकीकरण सम्बन्धी यो पहिलो नीति थियो, जसको उद्देश्य सामाजिक पुनः एकीकरण, रोजगारी र उद्यमशीलता प्रवर्द्धनमा केन्द्रित एक खाका प्रदान गर्नु थियो । यो निर्देशिकाको लागि २०१९ देखि गृहकार्य सुरु गरेर चार वर्षपछि मन्त्रिपरिषद्बाट स्वीकृत भएको थियो । यस निर्देशिकाले विभिन्न सरोकारवालाहरूका फरक-फरक प्राथमिकताहरूलाई एकै नीतिभित्र समेट्ने प्रयास गरेको थियो ।

यो निर्देशिकाले बहु-तहगत शासन व्यवस्था प्रणालीको परिकल्पना गर्दछ, जहाँ सङ्घीय (राष्ट्रिय) तहले नीतिगत मार्गदर्शन र कार्यान्वयन मुख्यतः स्थानीय तहबाट हुन्छ, तर प्रदेश सरकारहरूको भूमिका भने स्पष्ट रूपमा परिभाषित गरिएको छैन । यस नीति अन्तर्गत, लागत साझेदारीमा आधारित वैदेशिक रोजगार कार्यक्रमले आर्थिक वर्ष सन् २०२२/२३ मा आफ्नो परीक्षण (पाइलट) चरण सुरु गऱ्यो । यसमा कोशी, मधेस, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका ८१ वटा पालिकाहरू छनोट गरिएका थिए, जसबाट पहिलो वर्षमा करिब ३,००० जना फर्किएका श्रमिकहरूलाई उक्त सेवाहरू प्रदान गरिएको थियो । यस कार्यक्रमका लागि १५ करोड रुपैयाँ (झन्डै १ लाख १२ हजार अमेरिकी डलर) बजेट विनियोजन गरिएको थियो । पालिका छनोट गर्दा आप्रवासन सम्बन्धी पूर्वाधार र आवश्यक तथ्याङ्क सुनिश्चितताका लागि सामी परियोजना सञ्चालन भइरहेका स्थानीय तहहरूलाई प्राथमिकता दिइएको थियो । कोभिडको समयमा वैदेशिक रोजगारबाट फर्कनेहरूको संख्या धेरै भएकोले त्यसको सम्बोधनका लागि यो नीति आएको भन्ने बुझाइ भए पनि, वास्तवमा पुनः एकीकरणको चुनौतीबारे सरकारी तहमा धेरै

वर्षदेखि छलफल भइरहेको थियो र नीतिलाई निष्कर्षमा पुऱ्याउनका लागि धेरै चरणको छलफल र पुनरावलोकन आवश्यक परेको थियो ।

नेपालको संविधान २०७२ ले पनि वैदेशिक रोजगारबाट प्राप्त पुँजी, सीप र अनुभवलाई देशको उत्पादनशील क्षेत्रहरूमा उपयोग गर्ने कुरालाई मान्यता दिएको छ। सोही अनुसार, सोह्रौँ पञ्चवर्षीय योजना (सन् २०२४/२५-२०२८/२९) तथा नेपाल सरकारको आन्तरिक रोजगार प्रवर्द्धन दशक (सन् २०२५-२०३५) ले युवाहरू र वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूका लागि रोजगारी सिर्जना र स्वरोजगार लाई उच्च प्राथमिकतामा राखेका छन् ।

## धनकुटा नगरपालिकाको पुनः एकीकरण नीति

धनकुटा नगरपालिकाले वि.स. २०७८ मा वैदेशिक रोजगार तथा पुनः एकीकरण नीति लागू गऱ्यो जुन वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई पुनः एकीकरणको उद्देश्यले तयार पारिएको नेपालकै पहिलो स्थानीय तहको नीतिगत ढाँचा थियो । धनकुटा नगरपालिका, अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठन (IOM), समृद्धि परियोजना, सेन्टर फर माइग्रेसन एण्ड इन्टर न्यासनल रिलेसन्स (CMIR), रिटर्नी सञ्जाल तथा स्थानीय नागरिक समाज संस्थाबीचको सहकार्यमार्फत १८ देखि २४ महिनाको अवधिमा यो नीति तयार भएको थियो । IOM ले आपत्कालीन सहयोग कोषमार्फत ४० जना वैदेशिक रोजगारबाट फर्किएका आप्रवासी कामदारहरूलाई तत्काल प्रतिव्यक्ति ३५० देखि ४०० अमेरिकी डलर बराबरको सहयोग गरेको थियो। यसले एकातिर फर्किएकाहरूलाई तत्कालीन सहयोगको आवश्यकता र अर्कोतिर भविष्यमा व्यवस्थित पुनः एकीकरण कार्यक्रम सञ्चालनको सम्भावना देखायो ।

IOM को एकीकृत प्रणाली अनुसार तयार गरिएको यो नीतिले आर्थिक, सामाजिक र मनोसामाजिक पुनः एकीकरणको विषयहरूलाई समेट्दै परिवार केन्द्रित रणनीति अपनाएको छ । यस नीतिमा बीउ पुँजी, सीप तालिम, व्यवसाय सुरुवातका लागि सहयोग, रिटर्नी नेटवर्क (सन्जाल) र तथ्याङ्क सङ्कलन गर्ने जस्ता मुख्य प्रावधानहरू समावेश छन् तर मनोसामाजिक परामर्श कार्यक्रम अझै पनि कार्यान्वयन हुन सकेको छैन । यो नीति आर्थिक रूपमा आत्मनिर्भर हुन प्रयासरत वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूलाई लक्षित गर्दछ भने यसले महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा हिंसा वा शोषणमा परेकाहरूलाई प्राथमिकतामा राखेको छ । यो कार्यक्रम दुई जना कर्मचारीका साथ आप्रवासी स्रोत केन्द्रमार्फत सञ्चालन हुन्छ र यसका लागि वार्षिक रु. दुई देखि दुई लाख पचास हजारसम्मको बजेट निर्धारण गरिएको छ । यो कार्यक्रम मुख्य रूपमा IOM को आर्थिक सहयोगमा आधारित छ, जहाँ कृषि, पशुपालन र साना व्यवसाय सुरुवातको लागि २१० जना लाभग्राहीलाई प्रतिव्यक्ति ११०० अमेरिकी डलर बराबरको रकम ३ किस्तामा प्रदान गरिन्छ ।

## थप पुनः एकीकरण नीतिको विकास

ReMi परियोजना कार्यान्वयन भएका प्रदेशहरूमा, मधेश प्रदेशको श्रम तथा यातायात मन्त्रालय र कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय जस्ता प्रदेश सरकारहरूले स्वरोजगार अनुदान सहयोग कार्यक्रमका लागि विभिन्न नीति र कार्यविधि लागू गरेका छन् जसमा महिला केन्द्रित कार्यक्रम, सीप विकास प्रशिक्षण, र फर्किएका आप्रवासी श्रमिकहरूको पुनः एकीकरण सहज बनाउने उद्देश्यहरू समावेश छन् । त्यस्तै, सम्बन्धित प्रदेशका धेरै स्थानीय सरकारहरूले पनि फर्किएका श्रमिकहरूको सञ्जाल (नेटवर्क) गठन र परिचालन, फर्किएका श्रमिक र उनीहरूको परिवारलाई पुनः एकीकरणमा सहयोग पुऱ्याउन आपत्कालीन कोष व्यवस्थापन, स्वरोजगार कार्यक्रम तथा उद्यमशीलता र व्यवसाय छनोट प्रशिक्षण सम्बन्धी नीति र निर्देशिका तयार पारेका छन् भने केही कार्यान्वयनमा आइसकेका छन् ।

यस अध्ययनले सबै नीतिहरूलाई समेट्न सकेको छैन । तथापि, नेपालमा स्थानीय र प्रदेश तहमा नयाँ नीतिहरू विकास हुँदै गएकोले पुनः एकीकरण सम्बन्धी शासन व्यवस्था उल्लेखनीय रूपमा विस्तार हुँदै गएको देखिन्छ । यस नीतिगत विकासको प्रभावकारितालाई बुझ्नका लागि थप अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## पुनः एकीकरणको  बहु-तहगत समन्वय

नेपालमा पुनः एकीकरण व्यवस्थाको सन्दर्भमा उल्लेखनीय प्रगतिहरू भए पनि यसको कार्यान्वयन अझै सुरुवाती चरणमै छ र बहु-तहगत शासन व्यवस्था का निकायहरूबीचको समन्वय अझै पनि विकसित भइरहेका छन् । ReMi परियोजनामा Helvetas को प्राविधिक सहयोगले महत्वपूर्ण भूमिका खेलेको छ, भने IOM, अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) र अन्य संयुक्त राष्ट्र सङ्घीय एजेन्सीहरूले प्राविधिक र सल्लाहकारको भूमिका सक्रिय रूपमा निर्वाह गरिरहेका छन् । नागरिक समाज संस्था लगायत अनुसन्धान गर्ने संस्थाहरूले अनुसन्धान, पैरवी र स्थानीय तहमा जनसहभागिता प्रवर्द्धनमा योगदान पुऱ्याइरहेका छन् । यद्यपि यी संस्थाहरूले आर्थिक स्रोतको अभाव र कहिलेकाहीँ सहकार्यको सट्टामा आफ्नो उपस्थितिलाई देखाउन प्रतिस्पर्धा गर्नुपर्ने चुनौती पनि भोगिरहेका छन् ।

सङ्घीय तहमा, ReMi / K–HAMI परियोजनाहरू, दुई मुख्य समन्वय निकायहरू नीति सल्लाहकार तथा समन्वय समिति (PACC) र परियोजना समन्वय तथा कार्यान्वयन एकाइ (PCIU–F) मार्फत सञ्चालन भइरहेका छन्। PACC को अध्यक्षता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवले गर्छन् भने यसका प्रमुख सदस्यहरूमा मन्त्रालयका चार जना सचिव रहन्छन् । यसले परियोजनाको कार्यान्वयनका लागि समन्वय गर्छ, गुणस्तर सुधारमा सल्लाह सुझाव दिन्छ र नीति तथा अन्तर मन्त्रालयबीचको समन्वय सम्बन्धी चुनौतीहरू समाधान गर्न मद्दत गर्दछ । PCIU–F को नेतृत्व सामाजिक विकास मन्त्रालयका सचिव स्तरीय रोजगार शाखाका एक अधिकारीले गर्छन् ।

प्रदेश स्तरको समन्वय प्रदेश परियोजना समन्वय तथा कार्यान्वयन एकाइहरू (PCIU–P) र प्रदेश परियोजना सहयोग एकाइहरू (PPSU) मार्फत हुन्छ, जसको नेतृत्व प्रदेश सरकारका अधिकारीहरूले गर्छन् । परियोजना सहयोग एकाइहरू (PSU) कोशी र मधेश प्रदेशमा क्रमशः सामाजिक विकास मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय अन्तर्गत सञ्चालित छन्। यी एकाइहरूले प्राविधिक सहयोग, योजना निर्माण र विकास व्यवस्थापनमा योगदान पुऱ्याउँछन् । सम्बन्धित मन्त्रीहरूको अध्यक्षतामा रहेका परियोजना निर्देशन समिति (PSC) ले वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको लागि बजेट, वार्षिक योजना, र स्थानीय तहमा अभिमुखीकरण कार्यक्रम अनुमोदन गर्छन् ।

ReMi ले गाउँपालिका राष्ट्रिय महासंघ नेपाल (NARMIN) र नेपाल नगरपालिका संघ (MUAN) सँग पनि साझेदारी गरेको छ, जसले पुनः एकीकरण र वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको विषयमा

स्थानीय तथा प्रादेशिक स्तरका सरकारबीचको संवादलाई सहज बनाउँछ। यो साझेदारीले पुनः एकीकरण नीतिहरू र वैदेशिक रोजगारबाट फर्किएका श्रमिक केन्द्रित सेवाबारे सरोकारवालाहरूलाई सचेत गराउन तथा स्थानीय सरकारले पुनः एकीकरण सेवाहरूलाई संस्थागत गर्न आवश्यक क्षमता विकास गर्ने लक्ष्य राख्दछ।

राष्ट्रिय नीतिको कार्यान्वयन स्थानीय तहमार्फत हुने भएकाले, यसको प्रभावकारी कार्यान्वयनका लागि बलियो समन्वय अत्यन्त आवश्यक छ। कार्यक्रममा केही परिपूरकताहरू पनि छन्, जस्तै वैदेशिक रोजगार बोर्ड (FEB) र ReMi को कार्यक्रमहरू फरक-फरक भौगोलिक क्षेत्रहरूमा सञ्चालन हुन्छन्। ReMi ले आफ्नो कार्यक्रम लक्षित पालिकामध्ये ५० प्रतिशतमा सामीले बनाएको पूर्वाधारमा आधारित भएर काम गर्छ र रेफरल प्रणालीमार्फत यी कार्यक्रमहरू एक-अर्कासँग जोडिन्छन्। सुरुवाती चरणमा समन्वयका केही चुनौतीहरू देखिए तापनि सरोकारवालाहरूका अनुसार साझेदारहरूले 'आफ्ना कामहरू एकअर्कासँग नदोहोर्‍याउने वा देखिन (प्रचार) को लागि मात्र प्रतिस्पर्धा नगर्ने' गरेका छन्। यद्यपि, प्रदेश तहका भूमिकाहरू अझै पनि स्पष्ट भइसकेका छैनन्। हालै स्वीकृत गरिएको एकीकृत श्रम तथा रोजगार सेवा कार्यविधि २०८० ले रोजगार सेवा केन्द्रहरूलाई समन्वय केन्द्रको रूपमा तोकेको छ, जसलाई सकारात्मक प्रगति मान्न सकिन्छ। तर यसको वास्तविक प्रभावकारिता व्यक्तिगत सम्बन्धमा निर्भर रहने भन्दा संस्थागत व्यवस्था विकास गर्न सक्षम छ वा छैन भन्ने कुरामा आधारित हुनेछ।

धनकुटाको स्थानीय पुनःएकीकरण नीति वर्तमान राष्ट्रिय प्रणाली भन्दा बाहिर विकसित भएको थियो, किनभने यो नीति राष्ट्रिय निर्देशिका तयार हुनु पहिले नै बनेको हो। त्यसैले स्थानीय तहमा बनेका यस्ता नीतिहरूलाई राष्ट्रिय प्रणालीमा समायोजन गर्नु अत्यन्त आवश्यक देखिन्छ। अन्तर्राष्ट्रिय अभ्यास हेर्दा पनि यो महत्वपूर्ण देखिन्छ, उदाहरणका लागि, फिलिपिन्समा धेरै स्थानीय पुनः एकीकरण नीतिहरू राष्ट्रिय नीतिसँग मिलाएर, स्थानीय आवश्यकता अनुसारका कार्यक्रमहरू सञ्चालन गरिन्छन्। त्यसैको एक उदाहरण क्वेजोन शहर (Quezon City) लाई लिन सकिन्छ जसले वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरूलाई नगरपालिकाभित्र रोजगारीका अवसरमा प्राथमिकता प्रदान गर्ने गरेको छ।

राष्ट्रिय नीति निर्माण प्रक्रियामा नागरिक समाज संस्थाहरू र वैदेशिक रोजगारबाट फर्किएकाहरूले छलफलमा आफ्नो सहभागिता प्रायः औपचारिकताका लागि मात्र भएको महसुस गरेका थिए। आगामी दिनका पुनः एकीकरण व्यवस्था सम्बन्धी पहलहरूले सरकारका विभिन्न तहबीचको समन्वय मात्र होइन, नागरिक समाज संस्थाहरू र वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई नीति निर्माण, कार्यान्वयन र अनुगमनमा कसरी वास्तविक रूपमा सहभागी गराउने भन्ने विषयलाई पनि प्राथमिकताका साथ हेर्न आवश्यक छ। नेपालमा नागरिक समाज संस्थाहरू विगत दुई दशकभन्दा बढी समयदेखि पुनः एकीकरणका लागि सहयोग प्रदान गर्न सक्रिय रहेका छन्। तीमध्ये अति जोखिममा परेका वैदेशिक रोजगारबाट फर्किएकाहरूका लागि आश्रय स्थलहरू, महिला सशक्तीकरण परियोजनाहरू र सीप विकास कार्यक्रमहरू समावेश छन्। यद्यपि, ती मध्ये धेरैजसो कार्यक्रमहरू यस अध्ययनको समयमा बन्द भइसकेका थिए। यस्ता संस्थाहरू र सरोकारवालाहरूको ज्ञान र अनुभवलाई पुनः एकीकरण प्रक्रियामा समावेश गर्नु आज पनि त्यतिकै आवश्यक छ।

## वैदेशिक रोजगारबाट फर्किएकाहरूको अनुभवहरू

पुनः एकीकरण सम्बन्धि अनुभवबारे विस्तृत अन्तर्वार्तामा ५४ जना वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरू सहभागी भएका थिए। सहभागीहरू अधिकांश पुरुष (४८ जना) र विवाहित (४८ जना) थिए। त्यसै गरी उनीहरूको वैदेशिक रोजगारको लागि गन्तव्य मुलुकमा बसेको औसत अवधि ७.४ वर्ष थियो। सहभागीहरूमध्ये २० जना मलेसिया, १२ जना साउदी अरेबिया, ९ जना कतार र बाँकी सबै अन्य खाडी मुलुकमा रोजगारको लागि गएका थिए। अन्तर्वार्ताको समयमा सहभागीहरू नेपाल फर्केको औसत ३.२ वर्ष भइसकेको थियो र उनीहरूमध्ये लगभग सबैजना आफ्नो परिवार र समुदायमा फर्किसकेका थिए। फर्किएका अधिकांशले विदेशमा रहँदा र नेपाल फर्किएपछि दुवै समयमा उल्लेख्य चुनौतीहरूको सामना गरेका थिए। धेरैजसोलाई रोजगार सम्झौताको अवधि सकिएपछि रोजगारदाताले नै घर फर्काएका थिए। तथापि, १५ जना सहभागीहरू भने आफै घर फर्केका थिए। यसरी फर्किनेहरूमा रोजगारदाताबाट दुर्व्यवहार भोगेका, रोजगारदाताबाट भागेका, आकस्मिक अवस्थामा फर्किनका लागि आवश्यक कागजात (laissez–passer) लिनुपर्ने अवस्थाका तथा घर फर्किनका लागि आवश्यक खर्च आफैले जुटाउनुपर्ने आवश्यकता भएकाहरू थिए।

वैदेशिक रोजगारबाट फर्किएका यी ५४ जनामध्ये केवल २२ जना (४१%) ले मात्र कुनै न कुनै प्रकारको पुनः एकीकरण सहायता प्राप्त गरेका थिए । यस अध्ययनले विशेष गरी सहायता पाएका व्यक्तिहरूलाई छानेर सहभागीको रूपमा समावेश गरेको कारणले औसत राष्ट्रिय मात्रा भन्दा बढी हुन सक्छ। पुनः एकीकरण सहायता मुख्यतः आफ्नै व्यवसाय सुरु गर्न आर्थिक रूपमा सक्षम ती व्यक्तिहरूलाई लक्षित गरिएको थियो। यसबाट पनि स्पष्ट हुन्छ कि कमजोर अवस्था मात्र सहयोग प्राप्त गर्ने मुख्य मापदण्ड नहुन सक्छ। सहयोग प्राप्त २२ जनामध्ये १० जनाले धनकुटामा IOM बाट, २ जनाले धनकुटामै अन्तर्राष्ट्रिय कृषि विकास कोष (IFAD) बाट र १० जनाले त्रियुगामा सङ्घीय सरकारबाट पुनः एकीकरण सहायता प्राप्त गरेका थिए। साँगुरीगढी गाउँपालिकालाई पुनः एकीकरण कार्यक्रमहरू कार्यान्वयन नभएको स्थानीय सरकारको रूपमा समावेश गरिएको थियो ताकि त्यस्तो पुनः एकीकरण सहायतामा पहुँच सम्बन्धी चुनौतीहरू र अनुभवहरूको तुलना गर्न सकियोस्।

यस अध्ययनमा सहभागीको रूपमा छनौट गरिएका वैदेशिक रोजगारबाट फर्किएकाहरूको संख्या तुलनात्मक रूपमा कम थियो, तर अध्ययनको मुख्य उद्देश्य सर्वेक्षण नभई उनीहरूको जीवन अनुभवबारे जानकारी लिने विस्तृत अन्तर्वार्तामा केन्द्रित थियो। त्यसै गरी, पुनः एकीकरण कार्यक्रमहरूमा सहभागी हुने वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको संख्या पनि धेरै कम थियो, जहाँ धनकुटामा २१० जना र त्रियुगामा करिब १०० जनाले मात्र सहायता पाएका थिए। त्यसैले यो अध्ययनको नतिजाहरूले प्रारम्भिक बुझाइ प्रदान गर्ने उद्देश्यले राखिएको छ, यद्यपि नेपालमा पुनः एकीकरण शासन व्यवस्थाको प्रभावकारिता बुझ्न थप अध्ययन आवश्यक छ।

## त्रियुगाः राष्ट्रिय नीतिको कार्यान्वयन

त्रियुगामा, राष्ट्रिय पुनः एकीकरण नीतिको परिक्षण (पाइलट) परियोजना अन्तर्गत यस नगरपालिकाद्वारा वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई तालिममा सहभागी हुनका लागि सूचना जारी गरिएको थियो। सहभागीहरूले यस अवसरका बारेमा जानकारी आफ्ना वडाका कर्मचारीहरू, परिवारका

सदस्यहरू र छिमेकीहरूबाट पाएका थिए । तालिममा सहभागी हुन चाहनेहरूले विभिन्न प्रकारका सीप तालिमहरू; ड्राइभिङ, इलेक्ट्रिसियन, कुकिङ तथा कृषि आदिको विकल्पहरू रोज्न सक्थे । सहभागी सबैले वित्तीय साक्षरता सम्बन्धी तालिम पनि पाएका थिए जुन कार्यक्रमहरू मध्ये सबै भन्दा प्रशंसा गरिएको कार्यक्रम हुन पुग्यो ।

वित्तीय साक्षरता तालिमले व्यावहारिक र अनुभवमा आधारित सिकाइ विधिहरू प्रयोग गऱ्यो जुन फर्केकाहरूले अत्यन्तै उपयोगी पाए । सहभागीहरूले कागजी पैसा प्रयोग गरी सामान उत्पादन र बिक्री गर्ने भूमिका-निभाउने व्यापार सिमुलेसनको प्रयोग गर्दै, तालिमले बचत, लगानी र नाफा बीचको भिन्नता जस्तो जटिल अवधारणाहरूलाई प्रभावकारी रूपमा बुझायो ।

एक जना वैदेशिक रोजगारबाट फर्किएका सहभागीको भनाइ अनुसारः 'केवल पैसा कमाउनु मात्र पर्याप्त हुँदैन, कसरी बचत गर्न सकिन्छ र बैङ्क खाता कहाँ खोल्दा राम्रो हुन्छ भन्ने पनि थाहा भयो । यसअघि हामीलाई यस्ता कुराहरू थाहा थिएन ।'

सीपको प्रकार अनुसार १० देखि २० दिनसम्म तालिम कार्यक्रमहरू सञ्चालन भएको थियो । वैदेशिक रोजगारबाट फर्किएका सहभागीहरूले सरकारले दिएको मान्यता र समुदायसँगको सम्बन्ध निर्माणको अवसरको निकै प्रशंसा गरे । एक जना सहभागीको अनुसारः 'हामी फर्किएपछि सरकारले हामीप्रति चासो देखाएको देख्दा नेपालमै केही गर्न सकिन्छ भन्ने आशा जगाएको छ ।' कार्यक्रमले सहभागीहरूमा हुने निष्क्रियता र एक्लोपनाको भावना कम गर्न मद्दत गऱ्यो र नेपालमै अवसरहरूको बारेमा सोच्न प्रेरित गर्नुको साथै उनीहरूको बचत र वित्तीय व्यवस्थापन सम्बन्धी प्रवृत्ति परिवर्तन गर्न सहयोग गऱ्यो ।

यद्यपि, वैदेशिक रोजगारबाट फर्केकाहरूले कार्यक्रमसँग सम्बन्धित केही कमीकमजोरीहरू पनि पहिचान गरे । केही सीप तालिमको अवधि धेरै छोटो थियो । उदाहरणका लागि, एक सहभागीले १५-२० दिनको ड्राइभिङ तालिम पर्याप्त नभएको बताउँदै 'म यस तालिमबाट पूर्ण रूपमा सक्षम हुन सक्दिन' भनेर थप उल्लेख गर्नुभएको थियो । त्यसै गरी सवारी चालक अनुमति पत्र र सवारी साधन लिनका लागि रकमको अभाव भएको बताए । वैदेशिक रोजगारबाट फर्किएका तालिमका सहभागीहरूलाई नगरपालिकाले कम ब्याजदरमा ऋण उपलब्ध गराउने तथा व्यवसाय सुरु गर्न सहयोग गर्ने वाचा गर्दै सामूहिक रूपमा स्वरोजगार हुनका लागि प्रोत्साहित गरेको थियो । धेरैले घरमा पाल्नका लागि बाख्राहरू पाएका भए तापनि अन्तर्वार्ताको समयसम्ममा सहभागीहरूले नगरपालिकाले वाचा गरे अनुसारको ऋण नपाएको र व्यवसाय सुरु गर्न नसकेको बताए । केहीले २० हजार देखि २५ हजार रुपैयाँ बराबरका प्राविधिक सामग्री पाएको भएतापनि उक्त सहयोग पर्याप्त नभएको र वास्तविक व्यवसाय सञ्चालनका लागि कम्तीमा ६० हजार रुपैयाँ वा सो भन्दा बढी रकम आवश्यक पर्ने बताए ।

## धनकुटाः स्थानीय पुनः एकीकरण नीति कार्यान्वयन

धनकुटाका सहभागीहरूले यस कार्यक्रमका बारेमा वडा कार्यालय वा सामुदायिक सञ्जालहरू (नेटवर्क) मार्फत थाहा पाएका थिए । पालिकाले वैदेशिक रोजगारबाट फर्केका चिनेजानेका व्यक्तिहरूलाई सम्पर्क गरी व्यवसाय र तालिम सहयोगका लागि फारमहरू भर्न बोलाएका थिए । व्यवसाय सहयोगको लागि करिब १,१०० अमेरिकी डलर बराबर को रकम विभिन्न तीन किस्तामा प्रदान गरिएको थियो, तर प्रत्येक किस्ता पाउनका लागि सहभागीले प्रगति विवरण देखाउनुपर्ने व्यवस्था गरिएको थियो । कार्यक्रम अनुसार वैदेशिक रोजगारबाट फर्केकाहरूको उपलब्धिको नतिजा फरक-फरक थियो । तीन जना सहभागीहरूले सफलतापूर्वक व्यवसाय सञ्चालन गरेका थिएः एक जनाले दुग्ध व्यवसाय सुरु गर्नका लागि गाईहरू किन्नलाई किस्ताको प्रयोग गरे र तेस्रो किस्ताबाट ऋण चुक्ता गरेपछि नाफा कमाउने आशा गरेका थिए । दुई सहभागीहरू व्यवसाय सञ्चालन गर्न सङ्घर्ष गरिरहेका थिए तर व्यवसायलाई निरन्तरता पनि दिइराखेका थिए, यद्यपि थपिँदै गरेको ऋणले व्यवसायको दिगोपनलाई अनिश्चित बनाएको थियो । पाँच जना सहभागीहरूले व्यवसाय स्थापना नै गर्न सकेनन् । उदाहरणका लागि, एक सहभागीले पहिलो किस्ता चारवटा बङ्गुरहरू किन्न प्रयोग गरे, तर ती सबै रोग लागेर मरे । उनले भने, 'अब हामीलाई कति (औषधि) दिनुपर्छ भन्नेबारेमा थाहा छैन, त्यसैले मैले धेरै दिएँ जस्तो लाग्छ र सबै चार वटा त्यसरी नै मरे । धेरै मानिसका बङ्गुरहरू त्यसरी नै मरे ।' अर्का एक जना सहभागीले होटल व्यवसायको योजना बनाएका थिए तर छोराछोरी बिरामी परेकोले गर्दा उनले व्यवसायभन्दा छोराछोरीहरूको हेरचाहलाई प्राथमिकता दिन पऱ्यो जसले गर्दा अर्को किस्ता पाउने अवसर गुम्यो ।

कार्यक्रमको बारेमा सहभागीहरूको धारणा अत्यन्तै मिश्रित थियो । पाँच जना सफल वा सञ्चालनमा रहेका व्यवसाय सञ्चालकहरूले यस प्रकारको सहायताको प्रशंसा गरे, तर अनुदान रकम पर्याप्त नभएको र एउटा किस्ता लिएपछि अर्को किस्ता पाउने समयबीचको खर्च धान्नका लागि ऋण लिन बाध्य भएको बताए । साथै, व्यवसाय सञ्चालनको क्रममा आउने चुनौतीहरूको सामना गर्न कुनै पनि तालिम तथा अनुगमन उपलब्ध नभएको उनीहरूको गुनासो थियो । व्यवसाय स्थापना गर्न नसकेका पाँच जना सहभागीहरूले निराश र आफूहरूलाई बेवास्ता गरिएको महसुस गरे । कार्यक्रममा सहभागी हुनकै लागि उनीहरूले ऋण लिएका थिए, तर आफ्नो नियन्त्रणभन्दा बाहिरका समस्या जस्तै पशु चौपायामा रोग देखा पर्दा कुनै सहयो ग पाएनन् । एक सहभागीको भनाइ अनुसार, 'तिनीहरूले फोन उठाउँदैनन् । यस्तो हुँदा हामीलाई नराम्रो लाग्छ । उनीहरूले दिएको सहयोगबाट मैले केही गर्न सक्छु कि भन्ने आशा गरेको भए पनि उहाँहरूले हामीप्रति खासै चासो देखाएनन् अनि अनुगमन गर्न पनि आएनन् ।'

## पुनः एकीकरण सहयोग नपाएका वैदेशिक रोजगारबाट फर्किएकाहरूको अनुभव

अन्तर्वार्तामा सहभागी भएका अधिकांश वैदेशिक रोजगारबाट फर्किएकाहरू (५९%) ले कुनै पनि प्रकारको पुनः एकीकरण सहायता प्राप्त गरेका थिएनन्। उनीहरूमध्ये धेरैले उपलब्ध कार्यक्रमबारेमा कुनै जानकारी नपाएको बताए । करिब ७८-८१ प्रतिशत सहभागीहरू कार्यक्रमबारे पूर्ण रूपमा अनभिज्ञ थिए वा कम मात्र जानकारी पाएको, अपुष्ट हल्ला मात्र सुनेका बताएका थिए । एक जना सहभागीको अनुसार, 'विदेशबाट फर्किएकालाई व्यवसाय सुरु गर्न १ लाख रुपैयाँ दिन्छन् भन्ने हल्ला सुनेको थिएँ, तर वास्तवमा म त्यस्ता हल्लाहरूमा कुनै विश्वास गर्दिन ।' पुनः एकीकरण सम्बन्धी कार्यक्रमका बारेमा नसुनेका अधिकांशले सहयोगको सम्भावना प्रति सकारात्मक रुचि देखाएका थिए ।

पुनः एकीकरणको लागि सहायता कार्यक्रमबारेमा जानकारी पाएका केही वैदेशिक रोजगारबाट फर्किएकाहरूले यस्ता कार्यक्रममा पक्षपात र भ्रष्टाचार हुने र सर्वसाधारण नागरिकको पहुँच नहुने कुरा व्यक्त गरे । केही सहभागीले कार्यक्रमहरूमा पहुँचका लागि प्रयास गरेको भए तापनि सरकारी कार्यालयहरूमा असहयोगपूर्ण र अपमानजनक व्यवहारको सामना

**तालिका १: अन्तर्वार्ताको समयमा फर्कनेहरूको व्यक्तिपरक सन्तुष्टि**

| | सतुष्टिको स्तर | सहायता पाएको (%) | सहायता नपाएको (%) |
|---|---|---|---|
| १ | धेरै असन्तुष्ट | ११ | ११ |
| २ | असन्तुष्ट | ७ | ११ |
| ३ | न सन्तुष्ट न असन्तुष्ट | ६८ | ४२ |
| ४ | सन्तुष्ट | १४ | ३२ |
| ५ | धेरै सन्तुष्ट | ० | ५ |

गर्नुपरेको अनुभव सुनाए। एक सहभागीको भनाइ अनुसार, 'यहाँ आएपछि, मलाई यसको बारेमा कहाँ सोध्ने थाहा थिएन। जता गए पनि मानिसहरू सबै उस्तै छन्, कोहीले धेरै घमण्ड देखाउँछन्, कोहीले कुनै चासो देखाउँदैनन्। त्यसैले मैले सोचें म त्यहाँ किन झुक्न जाने बरु म विदेश जान्छु।' समग्रमा, यी अनुभवहरूले सूचनाको अभाव, सेवा पहुँचमा कठिनाइ र पुनः एकीकरण कार्यक्रमप्रतिको कमजोर विश्वास जस्ता गम्भीर चुनौतीहरू रहेको कुरालाई उजागर गर्छन।

## पुनः एकीकरण शासन व्यवस्था र व्यक्तिगत सन्तुष्टि

अन्तर्वार्ताको समयमा वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई उनीहरूको हालको जीवनस्थितिप्रति सन्तुष्टिको स्तर १ देखि ५ सम्मको स्कोरमा मापन गर्न अनुरोध गरिएको थियो, जसमा १ भन्नाले धेरै असन्तुष्ट र ५ भन्नाले धेरै सन्तुष्ट जनाउँथ्यो। तालिका १ मा देखिएझैं, पुनः एकीकरण कार्यक्रम सहायता पाउनु र नपाउनुको व्यक्तिगत सन्तुष्टिसँग खासै सम्बन्ध देखिँदैन। सन्तुष्टिको स्तर मूल्याङ्कन गर्दा पुनः एकीकरण सहायता पाउने मध्येको ६८% र नपाउने मध्येको ४२% ले सन्तुष्ट पनि नभएको र असन्तुष्ट पनि नभएको भन्ने बताए। समग्र रूपमा हेर्दा, सहयोग पाएको वा नपाएको दुवै समूहको सन्तुष्टि स्तर लगभग समान देखिन्छ।

यस प्रकारको सम्बन्ध नदेखिनुले पुनः एकीकरण सहायता कार्यक्रमको ढाँचा र वास्तविक नतिजाबीच ठूलो खाडल रहेको स्पष्ट रूपमा देख्न सकिन्छ। अध्ययन गरिएका दुई कार्यक्रमहरू एकअर्कामा एकदमै फरक थिए, राष्ट्रिय नीतिले मध्यकालिन तालिममा जोड दिएको थियो भने धनकुटाको स्थानीय नीति किस्तामा आधारित अनुदानमा केन्द्रित थियो। तर, दुवै कार्यक्रम बृहत् पुनः एकीकरण सहायता थिएनन् । त्रियुगाका सहभागीहरूले तालिम मन पराएको, प्रेरणा पाएको र नयाँ सीप सिकेको भए तापनि, अन्तर्वार्ताको समयमा उनीहरूले पर्याप्त रूपमा श्रम बजारसँग जोडिन नसकेको र व्यवसाय सुरु गर्न आवश्यक स्रोत नभएको बताए। त्यसैले केवल ज्ञान र प्रेरणाले मात्र आर्थिक परिवर्तन ल्याउन सम्भव देखिएन।

धनकुटाको अनुदान कार्यक्रमले सीमित मात्र निरन्तर मार्गदर्शन वा प्राविधिक सहयोग प्रदान गर्‍यो, परिणामस्वरूप असफलता दरहरू उच्च देखियो, जहाँ सहभागीहरूमध्ये ५० प्रतिशतले दिगो रूपमा व्यवसाय सुरु गर्न सकेनन्। केही सहभागी ऋणमा डुबे, निरुत्साहित भए र कार्यक्रममा सहभागी हुनुअघिको अवस्थाभन्दा झनै कमजोर आर्थिक अवस्थाबाट गुज्रिन थाले। त्रियुगामा कम ब्याजदरमा ऋण दिने भनी गरिएका वाचा पूरा नभएको र धनकुटामा व्यवसाय कमजोर हुनासाथ सहयोग फिर्ता गरिएकोले सम्भावित सकारात्मक प्रभावलाई थप कमजोर बनायो।

त्यसैगरी, कुनै पनि सहायतामा पहुँच नभएका अधिकांश वैदेशिक रोजगारबाट फर्किएका ५९ प्रतिशतले आफ्नै व्यवसाय सञ्चालन गर्न र पुनः जीविकोपार्जनमा संलग्न हुन चुनौतीको सामना गरे। अन्ततः पर्याप्त सहायता पाउने र कुनै पनि सहायता नपाउने दुवै समूहको जीवन सन्तुष्टि मध्यम स्तरमै सीमित रह्यो। यसले बृहत्, दिगो र पहुँचयोग्य पुनः एकीकरण कार्यक्रमको आवश्यकता रहेको स्पष्ट रूपमा देखाउँछ।

# आशालाग्दा अभ्यासहरू

## पहिचानको महत्वः सरकारी मान्यताले आशा र वैदेशिक रोजगारबाट फर्किएकाहरूको सहभागिता बढाउँछ

सरकारी आधिकारिक मान्यताले वैदेशिक रोजगारबाट फर्किएकाहरूमा मनोवैज्ञानिक मूल्य र आशा सिर्जना गरेको छ। सहभागीहरूले वर्षौं विदेशमा बसेर फर्किदा राज्यले उनीहरूलाई तालिमको लागि 'पहिलो नम्बर मा' सूचीकृत गरिनुले उनीहरूलाई राज्यद्वारा सम्झिएको र मूल्यवान् महसुस भएको बताएका छन। वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई अवसर उपलब्ध गराइयो भने उनीहरूले तालिम कार्यक्रममा सहभागी हुन दृढ इच्छा र उत्साह देखाउँछन् साथै आफ्नो रुचि तथा क्षमता अनुसारको सीपहरू सक्रिय रूपमा छनौट गर्छन्।

स्थानीय तहको पहलमा ReMi को सहयोगमार्फत स्थानीय, जिल्ला र प्रदेश स्तरमा वैदेशिक रोजगारबाट फर्किएका आप्रवासी श्रमिकहरूको सन्जाल बनाउने र ती सन्जाललाई नीति निर्माण प्रक्रियामा सहभागी गराउने, साथै सहकारी सञ्चालनमा नेतृत्व गर्न प्रोत्साहन गर्ने पहलहरू प्रशंसनीय छन्। सरकारी मान्यता र वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको खुलापनले प्रभावकारी पुनः एकीकरण शासन व्यवस्थाका लागि बलियो आधार तयार गर्दछ, यद्यपि सफलता गुणस्तर र दिगो सहयोगमा निर्भर रहन्छ।

## गर्दै सिक्दैः अनुभवजन्य वित्तीय साक्षरताले सीप र समुदाय दुवैको विकास गर्छ

भूमिका निभाएर व्यवसायिक सिमुलेसन विधि प्रयोगमार्फत सहभागीतामूलक सिकाइ गर्ने वित्तीय साक्षरता सम्बन्धी तालिममा अत्यन्त प्रभावकारी साबित भएको पाइयो। यी व्यवहारिक सिकाइ विधिहरू फरक-फरक शैक्षिक पृष्ठभूमि

भएका वैदेशिक रोजगारबाट फर्किएकाहरूका लागि अत्यन्त उपयोगी बन्यो। यसले 'कमाउनु मात्र पर्याप्त छैन' भन्ने मान्यता र मौखिक व्याख्याबाट मात्र बुझाउन असम्भव वित्तीय व्यवस्थापनबारे स्पष्ट रूपमा बुझ्न मद्दत गऱ्यो। साथै, तालिम कार्यक्रमले फर्किएकाहरूबीच एकअर्काका लागि सञ्जाल पनि बनायो, जसले समुदाय विकास, सामूहिक सङ्गठन क्षमता र ज्ञानको आदान-प्रदानको वातावरण पनि विकास गऱ्यो जुन औपचारिक कार्यक्रम भन्दा बाहिर पनि विस्तार भयो।

## परिवार पहिलो प्राथमिकताः दीर्घकालीन द्विपक्षीय साझेदारीले समग्र सहयोगलाई सघाउँछ

व्यक्ति-केन्द्रित कार्यक्रमहरू भन्दा फरक ReMi कार्यक्रमले वैदेशिक रोजगारबाट फर्किएकाहरू र उनीहरूको परिवार दुवैलाई सहयोग गर्दछ। यसले सफल पुनः एकीकरणका लागि वैदेशिक रोजगारबाट फर्किएकाहरू र उनीहरूको परिवार दुवै आर्थिक एजेन्सीको आवश्यकता पर्नुका साथै यो समग्र घरपरिवारको स्थिरतामा निर्भर हुन्छ भन्ने देखाउँछ। यो परियोजना स्वीट्जरल्याण्ड र नेपाल सरकारबीचको चार वर्षे द्विपक्षीय पहल हो, जसमा स्थानीय सरकारको १०-१५ प्रतिशत अनिवार्य लागत साझेदारी समावेश छ। यसले दीर्घकालीन संलग्नता, क्रमिक रूपमा सिक्ने प्रक्रिया र वास्तविक स्वामित्व सुनिश्चित गर्ने वातावरण तयार गर्छ, जसलाई छोटो अवधि भएका दातृ परियोजनाले प्राप्त गर्न सक्दैनन्। ReMi ले सामीको पूर्व-प्रस्थान, गन्तव्य देश सम्बन्धी जानकारी, पुनः एकीकरण जस्ता सम्पूर्ण आप्रवासन चक्रलाई समेट्दै, नयाँ र समानान्तर प्रणाली बनाएर निर्भरता बढाउनभन्दा रोजगार सेवा केन्द्र जस्ता विद्यमान सरकारी संरचनाभित्र एकीकृत सेवा सञ्चालन गर्दै यसले कसरी आपसी साझेदारीले संस्थागत क्षमता बढाउन र यस्ता मोडेल विस्तार गर्न सकिन्छ भन्ने कुरा देखाउँछ। यद्यपि, नेपाल अहिले सङ्घीय संरचनामा रूपान्तरण हुँदै गर्दाको यस सङ्क्रमणकालीन सन्दर्भमा रोजगार सेवा केन्द्रहरूको क्षमता विकास गर्न लामो समय साथै पर्याप्त स्रोतसाधन पनि आवश्यक पर्नेछ।

## चुनौतीहरू

- <u>नयाँ नीतिहरू कार्यान्वयनका लागि समय आवश्यक हुन्छः</u> नेपालले बृहत् पुनः एकीकरण नीतिहरूको विकास गरेको भएतापनि यी नीतिहरू मुख्यतया कागजमा नै सीमित छन्। यी नीतिहरू नयाँ हुन्, नीति पारित भएको र यस अध्ययनको बीचको समयमा थोरै मात्र अन्तर छ। त्यसैले, नेपालमा यी नीतिहरू कति प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन् भन्ने मूल्याङ्कन गर्न अझै थप समय आवश्यक छ।

- <u>सीप तालिमको सीमित आर्थिक प्रभावकारिताः</u> वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूले वित्तीय साक्षरता र व्यावसायिक सीपहरू जस्ता ज्ञान उपयोगी लागेको बताए पनि, पर्याप्त भौतिक सहयोग नभएको, रोजगारीको अवसर नपाएको र बजारसँगको पहुँचको कमी हुँदा सिकेका कुरा व्यवहारमा लागू गर्न नसकेको धेरैले उल्लेख गरे। ज्ञान हासिल गर्नु र त्यसलाई वास्तविक आर्थिक परिवर्तनमा रूपान्तरण गर्न सक्ने क्षमताबीचको यो दूरीले तालिमहरू मात्र पर्याप्त छैन भन्ने देखाउँछ। प्रभावकारी परिणामका लागि गुणस्तरीय तालिमसँगै पर्याप्त सुरुवाती पुँजी, लामो अवधिको तालिम (१ महिना सम्म), निरन्तर मार्गदर्शन, रोजगारीसँग जोड्ने व्यवस्था र व्यवसाय सङ्कट परेमा सहयोग प्राप्त गर्ने संयन्त्रहरू आवश्यक देखिन्छ।

- <u>मनोसामाजिक र लैङ्गिक-उत्तरदायी सहयोगको अभावः</u> वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूले वैदेशिक रोजगारीको क्रममा आघात, शोषण, पारिवारिक बिछोड र मानसिक स्वास्थ्य चुनौतीहरू भोगेको भए पनि, पुनः एकीकरण कार्यक्रमहरू मुख्यतः आर्थिक पक्षमै केन्द्रित रहेको र मनोसामाजिक आवश्यकताहरूलाई पर्याप्त ध्यान दिन नसकेको देखिन्छ। एकातिर, आर्थिक अवस्था सुधारिँदा मनोसामाजिक पक्ष पनि क्रमशः सुधार हुँदै जाने कुरा अध्ययनले देखाएको छ (Barnett et al., 2023), तथापि, गम्भीर मानसिक पीडामा परेका र मानसिक स्वास्थ्य सहयोगको आवश्यकता भएका व्यक्तिहरूलाई सम्बोधन गर्ने विषयमा पुनः एकीकरण प्रणालीमा अझै स्पष्ट खाडल देखिन्छ। विद्यमान कुनै पनि नीतिगत संरचनामा व्यवस्थित मानसिक स्वास्थ्य जाँच, परामर्श सेवा वा आघात-सूचित (trauma–informed) दृष्टिकोणहरू समावेश भएको पाइँदैन, यद्यपि सरोकारवालाहरूले दीर्घकालीन रूपमा वैदेशिक रोजगारबाट फर्किनेहरूका लागि मनोसामाजिक पुनः एकीकरणलाई एक आधारभूत आवश्यकताको रूपमा पहिचान गरेका छन्। त्यसैगरी, पुनः एकीकरण नीतिहरूमा लैङ्गिक सचेतनाको कमी छ र वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूले सामना गर्ने घरेलु हिंसा, सामाजिक लाञ्छना, सीमित सम्पत्ति अधिकार र हिँड्डुलमा रोक जस्ता विशेष चुनौतीहरूको सम्बोधन गर्न सकेको छैन। परियोजनाहरू र सरकारहरूबाट सिफारिस सेवाहरू उपलब्ध भए पनि ती सहज रूपमा उपलब्ध छैनन् वा उपलब्ध सेवाको गुणस्तर राम्रो छैनन्।

## सुझावहरू

- <u>नेपाल सरकारको विभिन्न तहको शासन व्यवस्था संरचना सुदृढ गर्नेः</u> नेपालको पुनः एकीकरण सम्बन्धी शासन व्यवस्थाको परिदृश्यले पूरक प्रयासलाई महत्व दिएको देखाउँछ। राष्ट्रिय पुनः एकीकरण निर्देशिकाले ८१ वटा पालिका स्तरमा सङ्घीय खाका र नीतिगत एकरूपता प्रदान गर्दछ। ReMi ले २० पालिकाहरूमा अनिवार्य स्थानीय लागत-साझेदारीको साथ प्राविधिक विशेषज्ञता र आविष्कार परीक्षण गर्दछ। धनकुटाको नीति भने सङ्घीय खाकाभन्दा अघिनै विकसित भई त्यसलाई मार्गदर्शन गर्ने स्थानीय नीतिको उदाहरण हो। नेपालले यी दुईवटै तहको संरचनालाई एकअर्काको प्रतिस्पर्धी वा दोहोरोपनाको रूपमा हेर्नु भन्दा पनि रणनीतिक रूपले यी पुनः एकीकरण शासन व्यवस्थाका फरक सबल पक्षलाई सदुपयोग गर्दै अगाडि बढ्नुपर्छ।

- <u>पुनः एकीकरणका क्षेत्रमा स्थानीय सरकारका पहलहरूको विकास र सहयोग गर्नेः</u> स्थानीय सरकारहरूले पुनः एकीकरण शासन व्यवस्थामा विविध र नेतृत्वदायी भूमिकाहरू निभाएका छन्। स्थानीय तहका सफल प्रयोगहरूमा अझ बढी ध्यान दिनु आवश्यक छ साथै ती सफलतामा आधारित ज्ञान र सिकाइलाई कसरी अन्य पालिकाहरूमा आदान-प्रदान गर्न सकिन्छ भन्ने विषयमा पनि जोड दिनुपर्छ।

- सरकारी संरचनाभन्दा बाहिरका सरोकारवालाहरूसँग साझेदारीहरू अझ मजबुत बनाउने: निजी क्षेत्र, वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूको सञ्जाल र नागरिक समाज संस्थाहरूको सहकार्य पुनः एकीकरणका लागि अत्यन्त महत्वपूर्ण हुन्छ । यसमा ध्यान दिनुपर्ने मुख्य क्षेत्रहरू निम्न छन्:

    › वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई सहज रूपमा रोजगार र मिल्दो रोजगारी सेवाहरू उपलब्ध गराउने ।
    › वित्तीय संस्थान र सहकारीमार्फत प्रदान हुने अनुदानयुक्त ऋणमार्फत वित्त पहुँचलाई सहज बनाउने ।
    › उद्यमशीलता विकास गर्न आवश्यक व्यवसाय-विकास तालिम प्रदान गर्ने ।

- समन्वय संयन्त्रलाई संस्थागत गर्ने: दिगो पुनः एकीकरण शासन व्यवस्थाका लागि सरकारका विभिन्न तहबीच नियमित संवाद, साझा अनुगमन प्रणाली र स्पष्ट बुझाइ आवश्यक पर्छ । सफलताका लागि कुनै एक मात्र विधि पर्याप्त हुँदैन, त्यसैले सङ्घीय ढाँचा, दातृ साझेदारको सहयोग र स्थानीय सरकारको स्वामित्व सबैको सन्तुलित भूमिकाले मात्र पुनः एकीकरण शासन व्यवस्थालाई मजबुत बनाउँछ ।

- पूर्ण आप्रवासन चक्रमा आधारित पुनः एकीकरण: ReMi ले सिफारिस गरेको मोडेल अनुसार, पुनः एकीकरणमा वैदेशिक रोजगार प्रस्थान देखि फर्किदासम्मको अवधिलाई आप्रवासन चक्रमा पनि समेट्न आवश्यक छ । त्रियुगामा गरिएको वित्तीय साक्षरता सम्बन्धी साक्षरता तालिमलाई वैदेशिक रोजगारबाट फर्किएका कामदारहरूले अत्यन्त प्रभावकारी मानेका छन् । यदि यस्तो प्रकारका कार्यक्रमहरु आप्रवासन अघि नै गरिएका भए, उनीहरूले अझ बढी बचत गर्न र फर्केपछि पुनः एकीकरणका लागि राम्रो तयारी गर्न सक्थे । यसैले, पुनः एकीकरणलाई सम्पूर्ण आप्रवासन चक्रमै समावेश गर्नुले प्रभावकारी र सफल पुनः एकीकरणका लागि आवश्यक पूर्व तयारी गर्न मद्दत गर्छ । सफल पुनः एकीकरण बहु आयामिक पनि हुनुपर्छ, जुन केवल रोजगारी वा आम्दानीमा मात्र केन्द्रित नभई, आर्थिक आवश्यकता र मनोसामाजिक सबलता दुवैलाई समान रूपमा सम्बोधन गर्नुपर्छ ।

- परिवार केन्द्रित र लैङ्गिक-संवेदनशील पुनः एकीकरण शासन व्यवस्थाको विकास गर्नु: सामी परियोजनाको मुख्य सफलता यसको परिवार केन्द्रित दृष्टिकोण हो, जुन ReMi कार्यक्रममा पनि समावेश गरिएको छ । यो एउटा महत्वपूर्ण सिकाइ हो, जसलाई परिवार केन्द्रित पुनःएकीकरण शासन व्यवस्था सुनिश्चित गर्नका लागि राष्ट्रिय सरकारसँग समन्वय र सहकार्यमार्फत विस्तार गरिनुपर्छ । परिवार केन्द्रित पुनःएकीकरण शासन व्यवस्थामा परिवारका लागि तालिम सत्रहरू, वैदेशिक रोजगारमा गएकाहरूको श्रीमान/श्रीमतीमाथि लाग्ने लाञ्छना रोकथामका लागि गरिने कार्यक्रमहरू र परिवारले आप्रवासी कामदार को फिर्ती र पुनःएकीकरणको तयारीमा कसरी सँगै काम गर्न सक्छन् भन्ने विषयहरू समावेश गर्न सकिन्छ । आप्रवासनका लागि विश्वव्यापी सम्झौता अर्थात् ग्लोबल कम्प्याक्ट फर माइग्रेसन (GCM) अनुसार, पुनः एकीकरण लैङ्गिक संवेदनशील हुनुपर्छ र वैदेशिक रोजगारबाट फर्किएका जोखिममा परेको समूहहरूलाई प्राथमिकता दिनुपर्छ (Bhattarai et al., 2023) यसका लागि महिला र अपाङ्गता संवेदनशील पुनः एकीकरण खाका तयार गर्न सकिन्छ, जसले महिलासँग सम्बन्धित अवरोधहरू, जस्तै घरायसी हिंसा, सामाजिक लाञ्छना, हिँड्डुल प्रतिबन्ध र सम्पत्ति अधिकारको असमानता आदिलाई सम्बोधन गर्छ र परिवार-केन्द्रित कार्यक्रमहरूमा घरायसी शक्ति संरचनाको विश्लेषण गर्छ । सबै पुनःएकीकरण कार्यक्रमहरूले स्पष्ट रूपमा लैङ्गिक विश्लेषणलाई समावेश गर्नुपर्छ र वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूको सेवामा समान पहुँच, स्रोतहरूमा निर्णय गर्ने अधिकार, र लैङ्गिक हिंसाबाट सुरक्षित हुने सुनिश्चित गरिनु पर्दछ । यसका लागि संलग्नता र समुदाय स्तरको कार्यक्रमका साथै प्रभावकारी रेफरल प्रणालीहरू अत्यन्त महत्वपूर्ण हुनेछन् ।

- निरन्तर सिकाइ र प्रमाणमा आधारित सुधार: नेपालको पुनः एकीकरण शासन व्यवस्था अहिले एक महत्वपूर्ण चरणमा छ, जहाँ विभिन्न पहलहरूले मूल्यवान् सिकाइहरू प्रदान गरिरहेका छन्। यस गतिलाई थप प्रभावकारी बनाउन सरकारले व्यवस्थित सिकाइ र जबाफदेही प्रणाली स्थापना गर्नुपर्छ । यसका मुख्य चार निम्न पक्ष छन्:

    › स्थानीय तहमा वैदेशिक रोजगारबाट फर्किएकाहरूको विश्वसनीय तथ्याङ्क प्रणाली स्थापना गर्ने: पालिकास्तरमा लिङ्ग, गन्तव्य देश, फर्किनुका कारण (परिस्थितिहरू) र जोखिमका सूचकहरूसहितको विस्तृत रूपमा तथ्याङ्क उपलब्ध गराउन वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) लाई थप सुदृढ बनाउन आवश्यक रहेको छ । प्रमाणमा आधारित कार्यक्रम निर्माण र स्रोत विनियोजनका लागि यस्तो आधारभूत पूर्वाधार अत्यन्तै महत्वपूर्ण हुन्छ ।
    › सफल पुनः एकीकरण अभ्यासहरुको दस्तावेजीकरण र प्रचार गर्ने: वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरूले आफ्नो परिवार र समुदायमा गरेको योगदानहरू देखाउनका लागि सफल पुनः एकीकरणका केसहरू दस्ताबेज गर्न र त्यसको प्रचार गर्न आवश्यक छ । यसले समाजमा फर्कनेहरूप्रति रहेको लाञ्छनायुक्त धारणालाई कम गर्छ र उनीहरूलाई परिवर्तनकारी संवाहकको रूपमा प्रस्तुत गर्दै सामाजिक दृष्टिकोण र राजनीतिक इच्छाशक्तिमा सकारात्मक प्रभाव पार्छ ।
    › सबै सरकारी तहमा पुनः एकीकरण व्यवस्थाको नियमित मूल्याङ्कन गर्ने: यसले सफलता र चुनौती दुवै पहिचान गरी नीतिहरू सुधार्न र प्रमाणित मोडेलहरू अन्य सन्दर्भमा लागू गर्न मद्दत गर्नेछ ।
    › स्पष्ट अनुगमन ढाँचाहरू विकास गर्ने: यसले सङ्घीय, प्रदेश र स्थानीय तहहरूमा सबै पक्षको अधिकार र जिम्मेवारीहरू स्पष्ट पार्छ, सेवा वितरणमा जबाफदेही सुनिश्चित गर्छ र वैदेशिक रोजगारबाट फर्केकाहरूलाई अधिकार र उपलब्ध सेवाहरूको बारेमा बुझ्न सक्ने अवस्था सिर्जना गर्छ ।

# सन्दर्भ सामग्री


Bhattarai, S ., Baniya, J ., Shrestha, S ., Thapa, P ., Neupane, R ., Tumsa, D ., Nepali, S ., & Mademba, S . (2023) . Return, weak reintegration, and remigration: A study of Nepali migrant workers . CESLAM & PNCC .

Barnett et al . (2023) . Returning Home: Evaluating the Impact of IOM's Reintegration Assistance for Migrants in the Horn of Africa . Geneva: IOM .

UN 2019 . The Global Compact for Safe, Orderly and Regular Migration (GCM) . https://docs .un .org/en/A/RES/73/195 .

Government of Nepal (2015) . Constitution of Nepal 2015 .

Government of Nepal (2012) . Foreign Employment Policy 2012 .

Government of Nepal (2007) . Foreign Employment Act 2007 .

Government of Nepal, The National Planning Commission . The Sixteenth Plan (Fiscal year 2024/25-2028/29) .

Kuschminder, K . (2017) . Reintegration Strategies: Conceptualizing How Return Migrants Reintegrate . Palgrave Macmillan . https://doi .org/10 .1007/978-3-319-55741-0

Kuschminder, K . (2024) . Reintegration Governance . Unpublished .

Kuschminder, K ., & Saguin, K . (2025) . Comparative Analysis of Reintegration Policies . International Migration 63 (4) .

MoLESS . Reintegration Programme (Operation and Management) Directives for Returnee Migrant Workers 2079 (BS) .

MoLESS, DoFE . Report on Final Approved List Country Wise from 2024-07-16 to 2025-07-16 . https://dofe .gov .np/yearly .aspx .

Safer Migration (SaMi) Programme Phase III (2018–2024): Learning Series 2024/4 . Safer Migration (SaMi) Programme . https://sami .org .np/uploads/safer-migration-sami-programme-phase-iii-2018-2024-learning-series-2024-4-1760325331 .pdf .

## लेखकहरूको बारेमा

केटी कुस्माईन्डर, एम्स्टर्डम विश्वविद्यालयका वरिष्ठ अनुसन्धाता र REINTEGRATE परियोजनाका प्रमुख अनुसन्धाता।

जिबन बानियाँ, अनुसन्धान निर्देशक, सेन्टर फर द स्टडी अफ लेबर एण्ड मोबिलिटी (सेस्लम)।

---

## आभार

यस अध्ययनका लागि समन्वय, अन्तर्वार्ता सञ्चालन, अनुवाद तथा तथ्याङ्क विश्लेषणमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका रोजिका महर्जन र रत्ना काम्बांगलाई हामी धन्यवाद ज्ञापन गर्दछौँ। साथै, अध्ययनको क्रममा आफ्नो समय निकालेर जानकारी तथा अनुभव साझा गरी सहयोग गर्नुभएका सबै सरोकारवाला र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूप्रति हार्दिक कृतज्ञ छौँ। यो नीति पत्र अंग्रजीबाट नेपालीमा अनुवाद गर्न सहयोग गर्नु हुने भिमकला लिम्बु, मञ्जु गुरुङ र साकार सापकोटा प्रति आभार प्रकट गर्दछौ।

---

## स्रोतको बारेमा

यो नीति पत्र युरोपेली अनुसन्धान परिषद् (ERC) युरोपेली संघ अन्तर्गतको होराइजन २०२० अनुसन्धान र नवप्रवर्तन कार्यक्रम बाट प्राप्त गरेको रिइन्टिग्रेट परियोजनाको (अनुदान सम्झौता ID: 949151, DOI 10 .3030/94915) अंश हो। नीति पत्रमा अभिव्यक्त गरिएका विचारहरू लेखकका मात्र हुन् र तीनले युरोपेली संघ वा युरोपेली अनुसन्धान परि षदको कार्यकारी निकाएको विचारलाई प्रतिबिम्बित गर्दैनन्। नीति पत्रमा अभिव्यक्त विचारहरूको लागि युरोपेली संघ र अनुदान दिने अधिकारी जिम्मेवार हुने छैनन।

Centre for the Study of Labour and Mobility

REINTEGRATE

University of Amsterdam

erc
European Research Council
Established by the European Commission